# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५४१ मिति :- २०६७/५/१

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त “क” वर्गका बैंकहरु ।

विषय :- प्रतीतपत्र कारोवार सम्बन्धमा ।

महाशय,

नेपालभित्र पैठारी हुने मालवस्तुको लागि प्रतीतपत्र जारी गर्दा कै अवस्थामा प्रतीतपत्रमा खुलाउनु पर्ने किटानी विवरण र Deferred payment वा Suppliers credit अन्तर्गत जारी हुने Usance प्रतीतपत्रहरु Discount गर्ने सम्बन्धमा इ.प्रा. परिपत्र संख्याः ३८१ मा भैरहेको व्यवस्थालाई देहाय बमोजिम हुने गरी संशोधन गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. मालवस्तु आयातको लागि प्रतीतपत्र जारी गर्दाकै अवस्थामा आर्थिक ऐन, २०६६ को अनुसूची १ को दफा १८ बमोजिम आयात हुने मालवस्तुको किटानी (स्पेसिफिक) विवरण, वस्तु वर्गीकरण शीर्षक (Harmonized Code), वस्तुको प्रति इकाई मूल्य र परिमाण, उत्पत्तिको मुलुक र यथासम्भव मालवस्तुको प्रकृति अनुसार मोडेल नम्बर र कम्पनी समेत प्रतीतपत्र र सो अन्तरगत पेश हुने बिल/बिजकमा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

२. इ.प्रा. परिपत्र संख्याः ३८१ को दफा ५ को उपदफा ५.१ मा उल्लिखित Deferred Payment सम्बन्धी व्यवस्थामा देहाय बमोजिमको व्यवस्था थप गरिएको छ :-

(क) यस्तो Documents Discount गर्दा लाग्ने व्याज लगायतका बैक चार्जहरु Beneficiary ले नै व्यहोर्नु पर्नेछ ।

(ख) यस्तो Documents साधारणतया Negotiating बैंकले Discount गर्ने भएतापनि प्रतीतपत्रमा शर्त राखी Opening बैंकले समेत Discount गर्न सक्नेछ ।

३. आयात प्रतीतपत्र सम्बन्धी अन्य व्यवस्थाहरु यथावत राखिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थः
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौं ।
५. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग बाणिज्य महासंघ, कालीमाटी, काठमाण्डौं ।
११. श्री नेपाल उद्योग परिसंघ, कालीमाटी, काठमाण्डौं ।